नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
**जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र**
पुल्चोक, ललितपुर

पत्र संख्या:
चलानी नं.:

# प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रीपरिषद् २०८२।१२।२४ को निर्णयानुसार यस पुल्चोक स्थित जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र पुल्चोकको कार्यालय गोदावरी वडा नं. ३ स्थित भवनमा स्थानान्तरण भई कार्यालय व्यवस्थापन साथै दैनिक कार्य सञ्चालन भैरहेको छ ।
यस केन्द्र परिसरमा रहेका रूखहरू हटाउन सरोकारवाला समेतको अनुरोध भएको सन्दर्भमा वन नियमावली, २०७९ (तेस्रो संशोधन २०८२) को नियम ३६(१) मा व्यवस्था भए बमोजिम जोखिमयुक्त रूखहरू व्यवस्थापन गर्ने प्रयोजनको प्रकृया सुरू भई कार्य सम्पादन भइरहेकोमा सोही विषयलाई लिएर मिति २०८३।०२।०४ गते अपराह्न २:३० देखि ३:३० को विचमा गोदावरी नगरपालिका वडा नं. ३ किटनीका वडा अध्यक्ष राज घिमिरे भनिने सानुराजा घिमिरे लगायत टोलीले सुनियोजित ढंगबाट भिडियो खिच्दै कार्यालय प्रवेश गरी यस केन्द्रका सि.डि.ई. (रा.प.द्वितीय) श्री रवि शाक्य ज्यूको कार्यकक्षमा ताला लगाउने, भिडियो खिच्ने, साथै अराजक र अभद्र व्यवहार गरी सरकारी निकायको संवेदनशीलतालाई पर्वाह नगरी धम्क्याउने कार्य गरेकोले उक्त व्यवहार प्रति यस केन्द्र खेद प्रकट गर्दछ ।

पुनश्चः यस विषयमा प्रभावित सरोकारवालाहरूसँग समेत केन्द्रले छलफल गरी समन्वय गरिरहेको साथै यथाशीघ्र रूखहरू हटाउने सम्वन्धि आवश्यक प्रकृया र कार्य गरिरहेको व्यहोरा समेत अनुरोध गर्दछौ ।

A.B. Pradhan
प्रवक्ता

मिति २०८३।०२।०५